# सैनामैना नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बुद्धनगर, रुपन्देही

**<u>शीत भण्डार गृह सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना</u>**

दोश्रो पटक प्रकाशित मिति २०८0।3४।२०

यस नगरपालिकाद्वारा निर्माण सम्पन्न भएको शीत भण्डार सैनामैना नगरपालिकाको शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम तीन वर्षको लागी सञ्चालन गर्न ईच्छुक प्रचलित कानून बमोजिम दर्ता भएका कृषी सहकारी, निजी संस्था तथा अन्य समूह/ फर्महरूले संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी, भ्याट वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी, संस्था नवीकरण तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र शीत भण्डारण सञ्चालन गर्न कम्तिमा ३ वर्ष सञ्चालन गर्ने गरी गरिएको प्रतिवद्धता पत्र संलग्न राखी बार्षिक रुपमा रु १ ५०,०००, |- अक्षरुपी ( एक लाख पचास हजार मात्र)को दरले तिन बर्षको एकमुस्ट ४|५०,०००,-(अक्षरुपी चार लाख पचास हजार (नगरपालिकाको खातामा जम्मा गर्नेगरी यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस नगरपालिकामा अनुसूची २ बमोजिमको ढाँचामा आवेदन फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सुचनाका अन्य थप विवरणका लागि यस नगरपालिकाको वेभसाइट www.sainamainamun.gov.np मा गई हेर्न सकिनेछ ।

**<u>शर्तहरु</u>**

१ प्रस्ताव पेश गर्ने संस्थाले रुराजको १००० .श्व (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको रसिद वा कृषि विकास बैंक पर्रोहा शाखामा यस कार्यालयको नाममा रहेको खाता नं ०४१४२०१६५९९१५०११ मा जम्मा गरेको बैंक भौचर साथ निवेदन पेश गरी मिति २०८३-०४-२७ गते कार्यालय समय भित्र नगरपालिकाबाट अनुसूचि २ बमोजिमको आवेदन फाराम खरिद गरी भर्नु पर्नेछ ।

२ आवेदन फाराम पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

३ आवेदन फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

४ कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक पर्रोहा शाखामा रहेको धरौटी खाता नं ०४१४२०११४९२४४०१५ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा आवेदन फारामको नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बैंक ग्यारेण्टी संलग्न गरी पेश गर्नुपर्ने छ ।

५ खरिद गरेको आवेदन फाराममा उल्लेख भएका सबै विवरणहरु भरी आवेदकले प्रत्येक पानामा सहीछाप, सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण सम्पर्क नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई मिति २०८३-०४-२७ गते दिनको १२ बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ । एक फर्म वा संस्थाको नाममा खरिद गरिएको आवेदन फाराम अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रितपूर्वक पर्न आएका प्रस्तावहरु मिति २०८३-०४-२७ गते दिनको १ बजे आवेदक तथा प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । साथै आवेदक वा निजको प्रतिनिधी प्रस्ताव खोल्ने समयमा उपस्थित नभएमा पनि प्रस्तावपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६ प्रस्ताव सम्बन्धी विस्तृत जानकारी आवेदन फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रित नपुगी वा शर्त सहित पेश हुन आएमा प्रस्ताव स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७ प्रस्ताव स्वीकृत भई सूचना पाएको मितिले ७ दिनभित्र कबोल अंकको ३० प्रतिशतले हुन आउने रकम प्रथम किस्ता बापत बुझाई सोको बैक भौचर र बाँकी ७० प्रतिशत बरावर रकमको सम्झौता अवधिसम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) सहित पेश गरिसकेपछि मात्र सम्झौता गरिनेछ । दोस्रो किस्ता बापत सम्झौता रकमको ३५ प्रतिशत २०८३ चैत्र मसान्तसम्म र तेस्रो किस्ता वापत सम्झौताको ३५ प्रतिशत रकम २०८४ पौषमसान्तसम्म जम्मा गरी सक्नुपर्नेछ ।

८ प्रस्ताव सम्बन्धमा कुनै विवाद आएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत